वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

# SEROPHERO

अंक २०७८।०७९।१ २०७९ आषाढ

## शुभकामना संदेश

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालकै स्वास्थ्य, शैक्षिक र अनुशन्धानको



अग्रणी स्थानमा रहेको संस्था हो। यस प्रतिष्ठानमा भए गरेका कामहरू, प्रगति तथा अस्पतालमा भइरहेका विविध गतिविधिहरूलाई जनमानस समक्ष पुर्‍याउने उदेश्यले सूचना तथा सञ्चार केन्द्रले प्रकाशन गर्न लागेको मासिक पत्रिका सेरोफेरो प्रतिष्ठानको समाचार सम्प्रेषण गर्ने एक असल, आधिकारिक, निष्पक्ष र समय सापेक्ष बन्दै जाओस भन्ने आशा, विश्वास एवं भरोसाका साथ शुभकामना व्यक्त गर्न चाहन्छु । यसबाट प्रतिष्ठानले संचालन गरेका सम्पूर्ण सेवाहरू नागरिकहरूले छिटो छरितो र सहजरूपमा उपभोग गर्न पाउने सूचना सम्प्रेषण भै सर्वसाधारणहरू सूचनाको पहुंचबाट वञ्चित रहनुपर्ने छैन भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, सूचना तथा सञ्चार केन्द्रलाई व्यवस्थित, मर्यादित र सूचना प्रवाह चुस्त दुरूस्त राख्नका लागि खटिरहनु हुने सूचना तथा सञ्चार केन्द्रका सम्पूर्ण टिमलाई सफलताको शुभकामना व्यक्त गर्दछु ।

**-डा.ज्ञानेन्द्र गिरी, उपकुलपति**

वैश्विक महामारी कोभिड-१९ लगायतका कारणहरूले गर्दा प्रतिष्ठानको मुखपत्रको रूपमा प्रकाशन



हुँदै आएको पत्रिका सेरोफेरो विगत लामो समयदेखि स्थगन रहेकोमा पुन: सञ्चालनमा आउन लागेको खबरले मलाई हर्षित बनाएको छ ।

प्रतिष्ठानका गतिविधी तथा समाचार मुलक कार्यहरू जनमानस समक्ष पुर्‍याउने प्रतिष्ठानको एकमात्र पत्रिका सेरोफेरोको निरन्तरता तथा सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

यसबाट प्रतिष्ठान लगायत प्रतिष्ठानसंग चासो राख्ने सम्पूर्ण सर्वसाधारणहरूमा आवश्यक पर्ने सूचना सेरोफोरो मार्फत सम्प्रेषण भई आम जनसमुदाय लाभान्वित हुने विश्वास लिएको छु ।

**- प्रा.डा.गुरूप्रसाद खनाल, शिक्षाध्यक्ष**

**Statement of patient flow for the Month of Jestha, 2079**

| OPD | No. of Patients |
|---|---|
| General/Special | 23076 |
| Nepal Govt. Social Insurance Scheme | 21399 |
| Paying (EHS) | 2960 |
| Dental | 2525 |
| **Total** | **49960** |
| **Emergency** | |
| Central | 3424 |
| Gynae/Obs | 1345 |
| Paediatrics | 1198 |
| **Total** | **5967** |
| Ward (IPD) | **3468** |
| **Grand Total** | **59395** |

***Source : Medical Record Section***

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम तथा स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौ । कृपया आफ्ना सामाग्रीहरू Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौ ।

**सूचना तथा सञ्चार केन्द्र**

## प्रतिष्ठानमा विभिन्न पदहरुमा नियुक्ती



वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विभिन्न पदहरुमा उपकूलपति डा.ज्ञानेन्द्र गिरीले नियुक्ती गर्नु भएको छ । प्रतिष्ठानको सूचना प्रवाहलाई अझ बढी प्रभावकारी बनाउन प्रवक्तामा एनेस्थेसियोलोजी विभागकी प्रा.डा.कृष्णा पोखरेललाई नियुक्त गरिएको छ ।



त्यसैगरी, अस्पताल सेवालाई अझ बढी चुस्त र दुरुस्त बनाउनका लागि डेपुटी अस्पताल निर्देशकमा एनेस्थेसियोलोजी विभागका एसोसियट प्रोफेसर डा.जगत नारायण प्रसादलाई कार्यभार सुम्पिइएको छ भने अस्पताल सेवा अन्तर्गत वार्डहरु, ओ.टी र इमर्जेन्सी सेवाहरुको रेखदेख, सुपरिवेक्षण, विकास, विस्तार एवं सुव्यवस्थित संचालनार्थ सहायक अस्पताल निर्देशकमा सर्जरी विभागका एसोसिएट प्रोफेसर डा.लोकेश शेखर जयसवाललाई तथा अस्पताल सेवा अन्तर्गत ओ.पी.डी./डेन्टल ओ.पी.डी., ल्याब सेवाहरु र रेडियोलोजी सेवाहरुको रेखदेख, सुपरिवेक्षण, विकास, विस्तार एवं सुव्यवस्थित संचालनार्थ अर्का सहायक अस्पताल निर्देशकमा प्रोस्थोडोन्टिक्स विभागका एसिस्टेन्ट प्रोफेसर डा.इन्द्र लिम्बुलाई कार्यभार सुम्पिइएको छ । वहांहरु चारैजनाको कार्यकाल मिती २०७९।०२।१८ गते देखि लागू भएको छ ।

## फर्माकोलोजी विभाग प्रदेश न. एक को क्षेत्रिय फर्माकोविजिलेन्स केन्द्र

नेपालमा संचालित फर्माकोविजिलेन्स केन्द्रहरूमध्ये प्रतिष्ठानको क्लिनिकल फर्माकोलोजी एण्ड थेराप्युटिक्स विभागलाई प्रदेश नं. एक को क्षेत्रिय फर्माकोविजिलेन्स केन्द्र (Regional Pharmacovigilance Centre) को रूपमा तोकिएको छ ।

यस विभागबाट बिरामी, सर्वसाधारण तथा स्वास्थ्यकर्मी (चिकित्सक तथा पारामेडिक्स)हरूलाई विभिन्न औषधीहरू सम्बन्धि सम्पूर्ण जानकारी (Dose, Dosage form, Route of Administration, Duration, Side Effects तथा Contraindications) गराउँदै आएको छ । यसले साप्ताहिक रूपमा विभागका आवासिय चिकित्सकहरू (Resident Doctors) मार्फत विभिन्न वार्डहरूमा गई त्यहाँका बिरामीहरूमा देखिएको विभिन्न औषधीहरूको प्रतिकुल असरहरूलाई नियमित Reporting गर्ने काम गर्दै आएको छ ।

यस विभागले आफ्नो सेवा आइतवारदेखि शुकबारसम्म कार्यालय समयभित्र प्रतिष्ठानको कलेज ब्लकको कोठा नं.२३६ बाट प्रदान गर्दै आएको छ । विभागको सम्पर्क फोन नं.०२५-५२५५५५ ext.२६०६, २४८३ रहेको छ ।

## प्रतिष्ठानको फार्मेसी पूर्ण रूपमा संचालन

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीति अनुरूप स्वास्थ्य सेवामा सर्वसाधारणको प्रभावकारी रूपमा पहुँच सुनिश्चित गर्नका लागि प्रतिष्ठान आफैले फार्मेसी स्थापना गरी पूर्ण रूपमा संचालनमा ल्याएको छ । आफ्नै फार्मेसी मार्फत बिरामी तथा सेवाग्राहीहरूलाई शुलभ एवम् गुणस्तरिय सेवा पुऱ्याउनका लागि सम्पूर्ण व्यवस्थापकिय कार्यहरू पुरा भएको छ। यस फामसा माफत आषधा र औषधीजन्य पदार्थ / सामाग्रीहरूको उपलब्धतालाई सहज, व्यवस्थित एवम् प्रभावकारी बनाउन हाल इमर्जेन्सी, मेडिकल सर्जिकल वार्ड ब्लक, गाइने अब्स वार्ड र जी.ओ.पी.डी. भवनमा गरी चारवटा काउन्टरबाट सेवा पुऱ्याउदै आएको छ भने आई.सि.यू. र अन्य स्थानमा थप काउन्टर विस्तार गर्ने योजना रहेको छ ।

## दुखाई निवारण ओ.पी.डी. सेवा संचालन

प्रतिष्ठानको स्थापना कालदेखिनै एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर विभाग अन्तर्गत दुखाई निवारण सेवा (Pain Clinic) संचालनमा रहेको छ । यस क्लिनिकमा विभिन्न प्रकारको दुखाईहरू जस्तै:Cancer pain, low back pain, neck pain, neurological pain, headache, vascular pain, chronic postsurgical pain, chronic pelvic pain, shoulder pain, knee pain, postoperative pain, myofascial pain, complex regional pain syndrome, facial pain को उपचार गरिन्छ । यस सेवा अन्तर्गत बिरामीलाई Injection तथा अन्य आधुनिक विधिद्वारा उपचार गरी दुखाईबाट मुक्त गर्ने प्रयास गरिन्छ । हाल दैनिक ५ देखि १० जनाको हाराहारीमा बिरामीहरूले सेवा उपभोग गर्दै आएका छन् । यस क्लिनिकमा हाल डा.आशिष सुवेदी, डा.परिनिता थापा, डा.योगेश ढकालले उपचार सेवा प्रदान गर्दै आउनु भएको छ । यसले भविष्यमा आफ्नो सेवालाई अझ विस्तार गरि एनेस्थेसिया विभागको एउटा छुट्टै इकाईको रूपमा स्थापना गर्ने लक्ष्य राखेको छ भने Pain Management मा Fellowship कार्यक्रम संचालनमा ल्याउने समेत योजना रहेको छ ।

## प्रतिष्ठानको ब्लड बैंक पूर्ण रूपमा संचालन

प्रतिष्ठानको प्याथोलोजी विभाग अन्तर्गत संचालित ब्लड बैंक आषाढ २ गतेदेखि पूर्ण रूपमा संचालनमा आएको छ ।

यस बैंकबाट बिरामीवर्गलाई Packed Cell Volume (PCV), Platelet Rich Plasma (PRP), Fresh Frozen Plasma (FFP) जस्ता Blood Products प्रदान गरिने छ । यस बैंकको सुसंचालनका लागि ब्लड ट्रान्फ्युजन कमिटी गठन गर्ने योजना रहेको छ । उक्त कमिटीले ब्लड बैंक संचालनमा आइपर्ने समस्याहरूको पहिचान गरी सोको उचित समाधानका उपायहरूको खोजी गरी सहयोग पुऱ्याउने कार्य गर्नेछ ।

## प्रतिष्ठानमा ओ.पी.डी. टिकट काट्ने समय तथा काउन्टर विस्तार

प्रतिष्ठानमा ओ.पी.डी. काउन्टर विहान ८:०० बजेदेखि खुल्ने गरेकोमा बिरामीहरुको सुविधालाई ध्यानमा राखि अब उप्रान्त ७:३० बजेदेखी नै काउण्टर खुल्ने व्यवस्था गरिएको छ । काउन्टर विहान ७:३० बजेदेखि १२:०० बजेसम्म खुल्नेछ भने दिउँसो पूर्व निर्धारित समयमै २:०० बजेदेखि ३:०० बजेसम्म खुल्ने छ। साथै, टिकट काउन्टरको संख्या समेत थप गरिएको छ ।

## विपन्न नागरिक सुविधा सम्बन्धी जानकारी

नेपाल सरकारको विपन्न नागरिक कार्यक्रम अन्तर्गत मुटु, क्यान्सर, स्पाइनल इन्जुरी, हेड इन्जुरी, पार्किन्सन्स, अल्जाईमर, मृगौला रोगका बिरामीहरुलाई उपलब्ध सेवा सुविधाहरु, औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गरेवापतको बिल शोधभर्नाका लागि सोभै अस्पताल प्रशासनमा दाबी गर्ने गरिएकोमा सो प्रावधानमा केहि फेरबदल गरिएको छ । हालसम्म विपन्न नागरिक कार्यक्रमको सहुलियत पाएका बिरामीहरुले चिकित्सकले लेखेको औषधीहरु प्रतिष्ठान बाहिरको औषधी पसलहरुबाट पनि खरिद गर्नेसक्ने प्रावधान रहेकोमा मिति २०७९ आषाढ १ गतेदेखि बिरामीहरुले औषधि खरिद गर्दा प्रतिष्ठानको फार्मेसीबाट नै अनिवार्य रुपमा खरिद गर्नु पर्नेछ । यसरी प्रतिष्ठानको फार्मेसीबाट औषधी खरिद गरे वापत प्राप्त बिल बिजक फार्मेसीको अधिकार प्राप्त कर्मचारीबाट प्रमाणित गराई शोधभर्नाका लागि दाबी गर्नु पर्नेछ। कारणबस प्रतिष्ठानको फार्मेसीबाट कुनै औषधी तथा औषधीजन्य सामाग्रीहरु उपलब्ध हुन नसकेको अवस्थामा फार्मेसीको अधिकार प्राप्त कर्मचारीबाट प्रमाणित गराई बाह्य फार्मेसीबाट सो खरिद गरिएका औषधी तथा औषधीजन्य सामाग्रीहरुको बिल बिजकहरुलाई मात्र शोधभर्नाका लागि दाबी गर्न पाइने छ ।

## वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रदेश नं. एककै पहिलो अनलाइन टिकट तथा ल्याब रिपोर्ट सेवा प्रारम्भ

प्रतिष्ठाले २०७८ मंसिर २४ गतेबाट बिरामीको ओ.पी.डी. टिकट वितरण (Registration) डिजिटल सेवा मार्फत समेत सुरुवात गरेको छ । प्रतिष्ठानको मोबाइल एप्लिकेसन मार्फत बिरामी वर्गले अनलाइन टिकट लिन सक्नेछन् । उक्त सेवा प्रदेश नं. एकमा नै पहिलो हो। उक्त सेवाका लागि सेवाग्राहीले एन्ड्रोइड मोबाइलको प्लेस्टोरमा गएर प्रतिष्ठानको लोगो सहितको "B.P. Koirala Institute of Health Sciences" एप्लिकेसन डाउनलोड गरी एपबाटै टिकट काटि आफुलाई आवश्यक पर्ने चिकित्सकसँग समय लिन सक्नेछन् । त्यसैगरी ल्याब परिक्षणका रिपोर्टहरु पनि अनलाइनबाटै हेर्न मिल्नेछ । उक्त प्रविधिले घण्टौ लाइनमा बसिरहनु पर्ने सास्तीबाट बिरामीवर्गले छुटकारा पाउने छन् । उक्त सेवाको उपयोग गर्न बिरामीलाई सहज होस भनि प्रतिष्ठानको जी.ओ.पी.डी. भवनको मुलगेटमा अनलाइन टिकट कसरी लिने भनेर सिकाउन सहयोगी समेत राखिएको छ ।

## प्रतिष्ठानमा सात दिने योग शिविर

अन्तर्राष्ट्रिय योग दिवस (२१ जुन) का अवसरमा प्रतिष्ठानमा दिने योग शिविर सम्पन्न भएको छ ।"तनाव व्यवस्थापनका लागि योग" भन्ने उद्देश्य राखी उक्त शिविर प्रतिष्ठानको बेसिक एण्ड क्लिनिकल फिजियोलोजी विभाग अन्तर्गत योगा एण्ड लाइफस्टाइल क्लिनिकले प्रतिष्ठानका शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थी र तिनका परिवारका लागि आयोजना गरिएको शिविरको उद्घाटन प्रतिष्ठानका उपकुलपतिबाट २०७९ आषाढ ७ गते बिहान ५:३० बजे प्रतिष्ठानको अतिथि गृह प्राङ्गण (Guest House Premises) मा भएको थियो । कार्यक्रममा सहभागिताका लागि नि:शुल्क दर्ताको व्यवस्था गरिएको थियो भने योग प्रशिक्षक श्री नविन काफ्लेबाट योग सम्बन्धी प्रशिक्षण दिइएको थियो ।

## प्रतिष्ठानमा तेश्रो राष्ट्रिय अन्तर मेडिकल कलेज हाजिरी जवाफ प्रतियोगिता (Mediquiz Nepal 2022) सम्पन्न



प्रतिष्ठानमा आषाढ ३ र ४ गते राष्ट्रिय स्तरको अन्तर मेडिकल कलेज हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ । उक्त प्रतियोगिता प्रतिष्ठानको BPKIHS Students Blood Donation Committee ले प्रतिष्ठानको सहयोगमा आयोजना गरेको थियो । सन् २०१८ मा Mediquiz Nepal को पहिलो संस्करण र सन् २०१९ मा दोस्रो संस्करण प्रतिष्ठानमै सम्पन्न भएको थियो । भर्खरै सम्पन्न उक्त तेस्रो संस्करणमा मनिपाल कलेज अफ मेडिकल साइन्सेस, पोखरा; नोबेल मेडिकल कलेज, विराटनगर; पाटन एकेडमी अफ हेल्थ साइन्स, ललितपुर; विराट मेडिकल कलेज, विराटनगर; नेपाल आर्मी इन्स्टिच्युट अफ हेल्थ साइन्सेस, काठमाडौं लगायत वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान गरी देशभरीबाट ६ वटा मेडिकल कलेजका ९ वटा टिमको

सहभागिता रहेको थियो । उक्त प्रतियोगितामा प्रतिष्ठानको टिम बी बाट दिवाकर कोइराला, वेद प्रकाश पन्त र सुमित धमलाले प्रथम स्थान हासिल गरेका थिए भने दोस्रो स्थान प्रतिष्ठानकै टिम ए बाट हार्दिक भण्डारी, सिन्जिन घिमीरे र अतुल कुमार चौहानले प्राप्त गरेका थिए । त्यसैगरी तेस्रो स्थान मनिपाल कलेज, पोखराका डा.सुरेन्द्र के.सी., मनिष कोइराला र संजिव बास्तोलाले प्राप्त गरेका थिए । उक्त प्रतियोगिताको निर्णायक मण्डलमा प्रा.डा.बालकृष्ण भट्टराई, प्रा.डा.धनरत्न शाक्य तथा डा.रबिन मास्के हुनुहुन्थ्यो ।

कार्यक्रमको अध्यक्षता डा.रिता खड्काले गर्नुभएको थियो भने आयोजक समितिका सदस्य सचिव कुशल बास्तोला हुनुहुन्थ्यो। प्रतियोगिताको Quiz Master का रुपमा डा.कुमुद चापागाईले कार्यकम संचालन गर्नुभएको थियो ।

## परिकमा विद्यार्थी परिवारका कियाकलापहरू

परिक्रमा विद्यार्थी परिवारको पत्रिका "परिक्रमा" को २४औं वार्षिक अंक १९ मार्च २०२२ मा विमोचन भयो । उक्त कार्यकममा पहिलो पटक 'हल अफ फेम' पुरस्कार समेत समावेश गरी अन्य विभिन्न विधाहरूमा पुरस्कार प्रदान गरियो । साथै, यस परिवारको २५औं कार्यकारिणी समितिको समेत गठन गरिएको थियो । विश्व कविता दिवस (चैत्र २१ गते) का अवसरमा यस परिवारले कलरव धरानसंगको सहकार्यमा धरान र आसपासका कविता प्रेमीहरूलाई आफ्ना रचना प्रस्तुत गर्न आमन्त्रित गर्दै प्रतिष्ठानको सभागृहमा कविता वाचन कार्यकमको आयोजना गरेको थियो । यस परिवारले मे महिनाको पहिलो साता २०२२ को साहित्यिक सप्ताह कार्यकम आयोजना गरेको थियो । उक्त कार्यकममा फोटोग्राफी प्रतियोगिता, पुस्तक र चलचित्रको समिक्षा, हाजिरी जवाफ प्रतियोगिता, बहस, पेन्टिङ्ग/स्केचिङ्ग, कविता वाचन र पहिलो पटक रिले लेखन जस्ता प्रतियोगिताहरूको आयोजना गरिएको थियो ।

## उपत्यका बाहिर पहिलो पटक वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा Stroke Team गठन

स्ट्रोक अर्थात मस्तिष्क घात एउटा चिकित्सकिय स्थिती हो, जसमा मस्तिष्कमा खराब रक्त प्रवाह कोषिकाका कारण व्यक्ति मृत्युवरणको अवस्थासम्म पुग्ने प्रबल सम्भावना रहन्छ । यसलाई मस्तिष्कको "दौरा" पनि भनिन्छ । स्ट्रोक मुख्यत: दुई प्रकारका हुन्छन्: रक्त प्रवाहको कमीको कारणले हुने इस्केमिक (Ischaemic) र रक्तश्रावका कारणले हुने हेमोरेजिक (Hemorrhagic)। स्ट्रोकका लक्षणहरूमा शरिरको एकातिरको पाटो हलचल गर्न वा महसुस गर्नमा असमर्थता, कुनै कुरा बुझ्ने र बोल्नमा समस्या, चक्कर आउनु वा दृष्टि क्षमतामा ह्रास आउनु हो । स्ट्रोक भएको अवस्थामा तत्कालै यसका लक्षणहरू देखापर्न थाल्छन । यदि उक्त लक्षणहरू एक वा दुई घण्टाभन्दा कम समयसम्म मात्र रहन्छ भने यसलाई Minor Stroke भनिन्छ । यसको उपचार तथा रोकथाम गर्न संभव छ तर यसमा लामो समय लाग्न सक्ने हुनाले बिरामीले धैर्यपूर्वक चिकित्सकको सल्लाह अनुसार उपचारमा निरन्तरता दिइरहनुपर्ने हुन्छ।

मस्तिष्क घातको उपचार, रोकथाम रणनीति प्रवर्द्धन र यस सम्बन्धी अनुसन्धानात्मक कार्य गर्नका लागि उपत्यका बाहिर पहिलो पटक प्रतिष्ठानमा Stroke Team को गठन गरिएको छ । उक्त Stroke team मा विभिन्न विभागका विशेषज्ञ र अन्य प्राविधिकहरूलाई समावेश गरिएको छ। उक्त टिममा इन्टर्नल मेडिसिन विभागबाट डा.भुपेन्द्र शाह, डा.अक्षत मिश्रा, डा.उर्जा भट्टराई, नर्सिङ्ग स्टाफहरू एन्जिला श्रेष्ठ, सुभद्रा माझी, रेणु चौधरी, रमला गुरांगाई रहेका छन् भने सर्जरी विभागबाट डा.आलोक दाहाल र नर्सिङ्ग स्टाफ कृष्णा अधिकारी रहेका छन् । त्यसैगरी साइकियाट्रि विभागका डा.संजीव कुमार मिश्र, जी.पी. एण्ड इमर्जेन्सी मेडिसिन विभागका डा.अजय कुमार यादव, रेडियोलोजी विभागका डा.निशान्त मिश्रा, एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर विभागका डा.योगेश ढकाल र नर्सिङ्ग स्टाफ श्री सुनिता सुनुवार, डाइटेटिक शाखाका शिल्पी कुमारी तथा फिजियोथेरापीका अजय ठाकुर समेत टिममा रहेका छन् । Stroke Team लाई आवश्यक सहयोग, सरसल्लाह र सुझावका लागि ईन्टर्नल मेडिसिन विभागका प्रमुख डा.रबिन मास्के एवम् प्राध्यापक डा.संजिव कुमार शर्मा रहनु भएको छ ।

## प्रतिष्ठानमा सामाजिक स्वास्थ्य बिमा कार्यकम संचालनमा समस्या

प्रतिष्ठानको ऐन, २०४९ अनुरुप प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था भएकोले यसले आफ्नो व्ययभार आफै व्यहोर्ने गर्दछ । यहाँ दैनिक तिन हजारको हाराहारीमा आउने बिरामीहरूमध्ये झण्डै आधा संख्याका बिरामीहरू स्वास्थ्य बिमा अन्तर्गत आउने गरेका छन् । यस प्रतिष्ठानले वि.सं. २०७४ श्रावण १ गतेदेखि नै स्वास्थ्य बिमाका विमितहरूको उपचार गर्दै आएको छ । विगत केहि महिना देखि बिमितहरूको उपचार खर्च बापतको सम्पूर्ण रकम शोधभर्नाका लागि प्रतिष्ठानले पटक पटक अनुरोध गर्दा समेत स्वास्थ्य बिमा वोर्डले कुनै ठोस पहल नगरेको हुनाले पाउनु पर्ने भुक्तानीको अभावमा अस्पताललाई ठुलो आर्थिक व्ययभार पर्न गई दैनिक उपचारका लागि आवश्यक पर्ने उपचार सामाग्रीहरू समेत खरिद गर्न समस्या पर्नुका साथै डाक्टर, शिक्षक कर्मचारीको पारिश्रमिक समेत समयमा उपलब्ध गराउन नसकिने अवस्था श्रृजना भइरहेको यस विषम परिस्थितीमा मिति २०७९ जेठ २० गते प्रतिष्ठानका उपकुलपतिको कार्यकक्षमा उपकुलपति सहित

प्रधानमन्त्री कार्यालयका प्रतिनिधी र स्वास्थ्य बिमा वोर्डका प्रतिनिधी समेतको उपस्थितीमा स्वास्थ्य बिमा वोर्डले उपलब्ध गराउनुपर्ने रकम भुक्तानीमा ढिलाई भएका कारणले उत्पन्न समस्या समाधानका विषयमा छलफल भई समाधानका उपायहरू तत्काल लागू गर्ने सहमती भएता पनि कार्यन्वयनमा विभिन्न समस्या देखाई वोर्डले सकारात्मक पहल नगरेको पाइएको हुंदा प्रतिष्ठानले उपलब्ध गराउदै आएको सामाजिक स्वास्थ्य बिमासेवालाई निरन्तरता दिन असमर्थ रहेको कुरा अस्पताल प्रशासनले जनाएको छ । प्रतिष्ठानले बिमा सेवा उपलब्ध गराए वापत स्वास्थ्य बिमा वोर्डसंग पाउनुपर्ने करिब साढे तेत्तिस करोड रकमको भुक्तानीका लागि पुन: अनुरोध समेत गरेको छ ।

## प्रतिष्ठानको अस्पताल सेवाको क्षमता विस्तार एवम स्तरोन्नती

१. १०० वेडको कोभिड अस्पतालको स्थापना एवम् संचालन
२. इमर्जेन्सीमा थप आधुनिक बेडहरू तथा उपकरणहरू जडान
३. Advanced Integrated Bio-Chemistry Analyzer मेसिन जडान
४. २५६ स्लाईसको अत्याधुनिक सिटी स्क्यान मेसिन तथा थप अल्ट्रासाउण्ड मेसिन जडान
५. ओ.टी.सेवामा आवश्यक पर्ने अत्याधुनिक उपकरणहरू जडान
६. २० बेड क्षमता भएको छुट्टै डाइलाइसिस यूनिटको स्थापना एवम् संचालन
७. अनलाइन टिकेटिङ्ग तथा मोबाइलबाटै ल्याब रिपोर्ट हेर्नसक्ने व्यवस्था
८. फार्मेसी सेवा पूर्ण रूपमा संचालन
९. दन्त चिकित्सा विभागहरूमा थप ३० वटा डेन्टल चेयर, नया RBG मेसिन एवं डेन्टल एक्सरे मेसिन जडान
१०. पेइङ्ग, मेडिसिन र सर्जरी वार्डहरूमा मेडिकल ग्यास पाइपलाइन जडान
११. एकहजार लिटर प्रति मिनेट उत्पादन क्षमता भएको अक्सिजन प्लान्ट र २० हजार लिटर क्षमता भएको लिक्विड अक्सिजन टयांक जडान

**Number of Surgeries peformed in Jestha, 2079**

| Types of Operation Theaters | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 408 | 264 | 37 | 44 | 104 | 28 | **885** |
| Gynae | 365 | 1 | 7 | 0 | 85 | 1 | **459** |
| Emergency | 146 | 0 | 17 | 0 | 5 | 0 | **168** |
| Day Care | 0 | 0 | 10 | 36 | 39 | 94 | **179** |
| **Total** | **919** | **265** | **71** | **80** | **233** | **123** | **1691** |
| **General: 1223** | ***Number of safe abortion care service done in Jestha, 2079: 60*** | | | | | | |
| **Paying: 468** | ***Number of cases done in Cardiac Catheterization Laboratory: 171*** | | | | | | |

***Source: Office of the Metron***

**प्रतिष्ठानमा २०७९ सालको सार्वजनिक विदा**

| क्र.सं | पर्व/दिवस | मिति | बार | दिन |
|---|---|---|---|---|
| १. | नवबर्ष | २०७९/०१/०१ गते(अप्रिल १४,२०२२) | बिहीवार | १ |
| २. | सिरूवा पावनी | २०७९/०१/०२ गते(अप्रिल १५,२०२२) | शुक्रवार | १ |
| ३. | मजदुर दिवस | २०७९/०१/१८ गते(मे ०१,२०२२) | आइतवार | १ |
| ४. | बुद्ध जयन्ती/उभौली पर्व | २०७९/०२/०२ गते(मे १६, २०२२) | सोमवार | १ |
| ५. | संविधान दिवस | २०७९/०६/०३ गते(सेप्टेम्बर, १९,२०२२) | सोमवार | १ |
| ६. | वडा दशै | २०७९/०६/१६, १७, १८, १९ र २० गते(अक्टोबर ०२,०३, ०४, ०५ र ०६, २०२२) | आइतवार, सोमवार, मंगलवार, बुधवार र बिहीवार | ५ |
| ७. | तिहार | २०७९/०७/०७, ०८, ०९ र १० गते(अक्टोबर २४, २५, २६ र २७,२०२२) | सोमवार, मंगलवार, बुधवार र विहीवार | ४ |
| ८. | छठ पर्व | २०७९/०७/१३ गत(अक्टोबर ३०,२०२२) | आइतवार | १ |
| ९. | क्रिसमस डे | २०७९/०९/१० ग०(डिसेम्बर २५,२०२२) | आइतवार | १ |
| १०. | फागू पूर्णिमा(होली) | २०७९/११/२३ गते(मार्च ०७,२०२३) | मंगलवार | १ |
| ११. | ईद(इदुल्ल फित्र) | | | १ |

मिति २०७९/१०/१२ गते(तद्नुसार जनवरी २६,२०२३) बिहीवार, बसन्त पञ्चमी(सरस्वती जयन्ती) का दिन प्रतिष्ठानका विद्यार्थीहरूलाई मात्र बिदा हुनेछ । ***स्रोत: कर्मचारी प्रशासन शाखा***

**Patients Care Record of Covid - 19 Hospital of BPKIHS**

| SN | Description | No. of Patients |
|---|---|---|
| 1 | Admission | 2775 |
| 2 | Discharge | 1782 |
| 3 | Death | 443 |
| 4 | Covid dialysis | 286 |
| 5 | PCR test | 123709 |
| 6 | Covid positive PCR | 20129 |
| 7 | Repeat Positive PCR | 1719 |
| 8 | Swab Collection | 40525 |
| 9 | Normal delivery | 34 |
| 10 | Caessarian section | 55 |
| 11 | Surgery | 30 |

***Source: Covid Hospital and Dept. of Microbiology***

**सम्पादन समूह**

प्रा.डा.कृष्णा पोखरेल, (प्रवक्ता)
डा.चुरामणी पोखरेल, (सह-प्रवक्ता)
अमृतप्रसाद ढकाल(जनसम्पर्क सल्लाहकार)
दिव्यराज थापा, (शाखा अधिकृत)
निरज पोखेल, (सि.क्लर्क)
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu

## OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| **Ophthalmology** | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha | Dr. Santosh Chaudhary | Dr. Bhuwan Govinda Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| **Psychiatry** | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar | Dr. Binod Kumar Deo | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| **Orthopaedics** | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah | Dr. Bishnu Pokharel | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah | Dr. Bishnu Pokharel |
| | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral |
| | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah |
| **Internal Medicine** | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Dr. Sonia Dulal | Dr. Robin Maskey |
| | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Bhupendra Shah | Dr. Bibek Kattel |
| | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | | Dr. Prashant Mani Tripathi | |
| | Dr. Prashant Mani Tripathi | | | | | |
| **Cardiology** | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| **Gastroenterology** | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| **Pulmonary, Critical Care and Sleep Medicine** | | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | | | Dr. Deebya Raj Mishra | | | Dr. Deebya Raj Mishra |
| **Surgery** | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki |
| | Dr. Kunal Bikram Deo | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah |
| | Dr. Sharada Khadka | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar |
| | Dr. Rupesh Prasad Sah | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal |
| | Dr. Nirmal Prasad Sah | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal |
| | Dr. Vijay Shrestha | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary |
| | | | Dr. Nirmal Prasad Sah | | Dr. Nirmal Prasad Sah | |
| | | | Dr. Vijay Shrestha | | Dr. Vijay Shrestha | |
| **ENT** | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | | | Dr. Sudeep Mishra | |
| **Dertamatology** | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| **GP & Emergency Medicine** | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| **Obstetrics &Gynaecology** | Prof. Dr. Mohan Chandra | Prof. Dr. Mohan Chandra | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Sarita Sitaula | Dr. Sarita Sitaula |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| **Paediatrics** | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | Dr. Jitendra Thakur | | Dr. Jitendra Thakur | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

***Source: Concerned Departments***